**कोराना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख ५ गते**
सुदूरपश्चिम प्रदेशमा कोरोना सङ्क्रमित र शङ्कास्पद बिरामीको उपचारका लागि सङ्घीय सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वैशाख ५ गते ३३ जना चिकित्सकको टोलीलाई एती एयरलाइन्सको विमानमार्फत धनगढी पठाएको छ । सङ्घीय स्वास्थ्य मन्त्रालयले पठाएको चिकित्सकहरूको टोलीलाई आवश्यकताका आधारमा सुदूरपश्चिम प्रदेशका अन्य जिल्लामा पनि पठाउने तयारी भइरहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ । सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री कृष्णराज सुवेदीको अध्यक्षमा वैशाख १ गते बसेको बैठकले सेती प्रदेशिक अस्पतालको प्रसूती सेवा बन्द गरिने निर्णय गरेको भएपनि स्वास्थ्य निर्देशनालय,डाटीले वैशाख ५ गते पत्र पठाएर प्रसूती सेवा सूचारू गर्न निर्देशन दिएको छ । सेती प्रादेशिक अस्पताललाई प्रदेश सरकारले कोरोना विशेष अस्पताल बनाएकोले प्रसूती वार्डमा सङ्क्रमण बढनसक्ने भन्दै वैशाख २ गतेदेखि सेती प्रादेशिक अस्पतालले दिदै आएको प्रसूती सेवा बन्द गरिने निर्णय भएको भएपनि स्वास्थ्य निर्देशनालयले सेती प्रादेशिक अस्पताललाई पत्र पठाउँदै प्रसुती सेवा सूचारू गर्न निर्देशन दिएपछि वैशाख ५ गतेदेखि नै सेवा सूचारू गरिएको सेती प्रादेशिक अस्पतालका सुपरिटेण्डेन्ट डा. हेमराज पाण्डेयले बताउनु भएको छ ।
इन्सेक सुदूरपश्चिम प्रदेश अन्तर्गत कार्यरत इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख ५ गते पठाउनु भएको सूचनाका आधारमा उच्च सतर्कताका लागि प्रदेश अन्तर्गत भइरहेका कार्यहरू र समस्याहरूको जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार** भीमदत्त नगरपालिका - १० सरस्वती टोलका बासीन्दाले वडा कार्यालयले कुहिएको चामल दिएको गुनासो गरेका छन् । सरस्वती टोल विकास समितिका अध्यक्ष टेक मल्लका अनुसार टोलका १२ जनालाई दिइएको चामल कुहिएको पाइएको छ । उहाँले भन्नु भयो -‘अन्त पनि यस्तै भएको हुन सक्छ । राहतका नाममा कुहिएको चामल दिएर गरिबको स्वास्थ्यमाथि खेलबाड गरिएको छ । जनप्रतिनिधिहरू आएर गाउँमा बाँडिएको कुहिएको चामल फिर्ता लान थालेका छन् ।’
भीमदत्त नगरपालिकाको आपत्कालीन राहत सहयोग अनुगमन समितिले राहतस्वरूप वितरण गरिएको चामलको गुणस्तर हेर्न घरघरमा स्थलगत अनुगमन गरेको छ । अनुगनका क्रममा समितिले पनि वितरण गरिएको चामल अखाद्य भएको निष्कर्ष निकालेको छ । समितिका सदस्य प्रभुनिधि पन्तले सरस्वती टोलमा वितरण गरिएको चामल अखाद्य भएको बताउनु भयो । उहाँले भन्नु भयो -‘उक्त चामल कहाँबाट कसले र कहिले दिएको हो ? त्यस विषयमा खोजिनीति भइरहेको छ । तत्कालको लागि पीडित परिवारलाई राम्रो चामल दिनका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छौं।’
भीमदत्त नगरपालिका- १० का वडा अध्यक्ष प्रमानन्द जोशीले वडामार्फत वितरण गरिएको चामल नगरपालिकाको कार्यालयबाट प्राप्त भएको बताउनु भयो ।
उहाँले भन्नु भयो- ‘हामीले वितरण गरेको चामल वडाले खरिद गरेको होइन् । नगरपालिका कार्यालयबाट प्राप्त भएको चामल हामीले बाँडेका हौं । यसमा हाम्रो कुनै दोष छैन् ।’
वडाका ६ सय परिवारमा वितरण गरिएको चामलमध्ये सरस्वती टोलमा मात्रै समस्या देखिएको भन्ने जानकारी राहत वितरण गरेको तीन  दिनपछि मात्रै जानकारीमा आएकोले कुहिएको चामल पाएका स्थानीयहरूलाई राम्रो चामल ल्याएर उपलब्ध गराउने वडा अध्यक्ष जोशीको भनाइ छ ।

वडाले पहिलो चरणमा गरिब, विपन्न र दैनिक ज्यालादारी गरी गुजारा चलाउने परिवारका लागि प्रतिपरिवार १० किलो चामल, एक किलो दाल, एक किलो नुन, एक लिटर तेल, साबुन, मसलालगायतको सामग्री वितरण गरेको छ । भीमदत्त नगरपालिकाले विपन्न समुदायलाई राहत वितरणका लागि ५० हजार रूपियाँको चामल खरिद गरेको र केही चामल सहयोगीबाट पनि प्राप्त भएको भीमदत्त नगरपालिकाका सूचना अधिकारी हरिसिंह धामीले बताउनु भयो।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** डिलाशैनी गाउँपालिका-४ का ४५ वर्षीय लालबहादुर नेगी र २१ वर्षीय दिपेन्द्र नेगी वैशाख ५ गते ट्युबमा महाकाली नदी तरेर नेपाल प्रवेश गरेका छन् । नेगी बुवाछोरासँगै ट्युबमा महाकाली नदी तरेर बैतडी जिल्ला डिलाशैनी गाउँपालिका–७ का सुशिल कार्की, सोही गाउँपालिका – ४ का लालबहादुर नेगी, दिपेन्द्र नेगी, दोगेडाकेदार गाउँपालिका–१ का जितबहादुर कार्की, डिलाशैनी गाउँपालिका –३ का केशव भण्डारी, खड्ग बहादुर नेगी, डिलाशैनी गाउँपालिका – ७ का लोकेन्द्र कार्की, डिलाशैन गाउँपालिका – १ का अमरसिह धामी, बकिल धानुक, धिर्के राना, प्रसाद राना, डिलाशैनी गाउँपालिका – २ का गणेश हरडे, दार्चुला जिल्ला नौगाड गाउँपालिका – ३ का राजेन्द्र ठगुन्ना र नविन ठगुन्ना रहेका छन् । बैतडी जिल्ला डिलाशैनी गाउँपालिका - १ का धिर्के राना र प्रसाद रानाबाहेक सबै जनालाई महाकाली नगरपालिकाको महेन्द्र नमूना माविमा तयार गरिएको क्वारेन्टाइनमा राखिएको छ ।
ट्युब तरेर भारतबाट आएका उनीहरूको स्वास्थ्य चेकजाँच गरी महेन्द्र नमूना मावि खलङ्गाको क्वारेन्टाइनमा राखिएको नगरपालिका विपद् शाखा प्रमुख भुवन जोशीले बताउनु भयो । लकडाउनका कारण नेपाल भारत जोड्ने झोलुङ्गे पूल नखुल्दा हालसम्म १ सय नेपाली महाकाली नदी तरेर नेपाल आइसकेका छन् । जिल्लाका विभिन्न ठाउँमा तयार गरिएका क्वारेन्टाइनमा १ हजारभन्दा बढी व्यक्तिहरू क्वारेन्टाइनमै बस्दै आएका छन् ।
महाकाली नगरपालिका– ९ दत्तु चुच्चैबाट नेपाल भित्रिएका १० जना र बैतडीका दुई जनालाई महाकाली नगरपालिकाको गाडीमा राखेर क्वारेन्टाइनमा पुर्‍याइएको छ । लकडाउनपछि भारतीय सिमा क्षेत्रमा अलपत्र परेका नेपाली नागरिकहरू लेकमको लालीदेखि व्यासको दुम्लीङ नाका भएर नेपाल प्रवेश गरिरहेका छन् । भारतबाट आउने नेपालीलाई अवैध रूपमा छिर्न नदिन ठूलो सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गरिएको भएपनि आउने क्रम भने रोकिएको छैन् । जिल्ला प्रहरी कार्यालय,दार्चुलाका डिएसपी दिपेन्द्रबहादुर शाहीले नेपालतिरका ट्युबहरू प्रहरीले नियन्त्रणमा राखेर बन्द गरेको भएपनि भारततिरबाट रोक नलगाउँदा समस्या भएको बताउनु भयो ।
भारतसँग सीमा जोडिएका क्षेत्रमा सरकारले थप कडाई गर्दै लगेको छ । भारतबाट नेपाल भित्रिएका व्यक्तिमा कोभिड-१९ को सङ्क्रमण देखिएपछि निगरानी बढाउँदै लगेको हो । सहजरूपमा हुँने सीमावारपार रोक्न सरकारी निर्देशन अनुसार सशस्त्र प्रहरी बल नेपालले सुरक्षा फौजलाई सीमामा केन्द्रीत गरेको छ । सशस्त्र प्रहरी बल नेपाल ५० नम्बर गुल्म हेडक्वाट, दार्चुलाले लेकमको लालीदेखि व्यासको डोकटसम्मका आठ स्थानमा अस्थायी पोष्ट स्थापना गरेको छ । सशस्त्र प्रहरी बल नेपाल ५० नम्बर गुल्म, दार्चुलाका डिएसपी डम्मरबहादुर विष्टका अनुसार सशस्त्र प्रहरीले लेकमको रतौडा, लाली, मालिकार्जुनको बाकु, उकु, डिन्सी, महाकालीको काकडा, व्यासको धौलाकोट स्याकु र डोकटमा अस्थायी पोष्ट स्थापना गरेको छ ।
महाकाली नदीबाट हुने अवैध कियाकलाप र भारतबाट महाकाली नदी भएर नेपाल प्रवेश गर्ने व्यक्तिहरुलाई रोक्नको लागि सशस्त्र प्रहरीलाई ठाउँठाउँमा राखिएको डिएसपी विष्टको भनाइ छ ।

व्यास गाउँपालिकाका दुई ओटा क्वारेन्टाइनमा रहेका २४ जनाको विदाई गरिएको छ । १६ दिनदेखि सम्पाल मावि सुनसेराको श्रोत केन्द्र भवन र वडा नम्बर ६ को रानिस्थानमा तयार गरिएका क्वारेन्टाइनमा बस्दै आएका मजदुरहरूको बिदाई गरिएको हो । भारतका विभिन्न शहरबाट काम गरी फर्किएकामध्ये १९ जना सम्पाल मावि सुनसेरामा,दुई जना श्रोत केन्द्र भवन र तीन जना रानिस्थान आधारभूत विद्यालयको क्वारेन्टाइनमा बसेका थिए । उनीहरूको स्याव परीक्षणसमेत गरिएको थियो । उनीहरूको सबैको रिपोर्ट नगेटिभ आएपछि विदाई गरिएको व्यास गाउँपालिका अध्यक्षका स्वकीय सचिव दिपक खातीले जानकारी दिनुभयो । मार्मा गाउँपालिकाका दुई ओटा क्वारेन्टाइनमा १७ जना मात्र रहेका छन् । वैशाख ५ गतेसम्म वडा नम्बर ५ को मुरैमा ११ जना र शिवालिंग मावि शेरीमा ६ जना क्वारेन्टाइनमा रहेको स्वास्थ्य संयोजक चक्रसिह धामीले जानकारी दिनुभयो ।
कोरोना परीक्षण गरिएका चार ओटा स्थानीय तहका ९१ जनाको र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडिटी) रिपोर्ट नेगेटिभ आएको छ । लेकम गाउँपालिका, मालिकार्जुन गाउँपालिका,नौगाड गाउँपालिका र शैल्यशिखर नगरपालिकामा गरिएको परीक्षणमा ९१ जनाको रिपोट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय ,दार्चुलाका सूचना अधिकारी खगेन्द्र कार्कीले जानकारी दिनु भएको छ ।
लेकम गाउँपालिकाको सर्मोलीमा २७ जना, मालिकार्जुन गाउँपालिकाको मालिकार्जुन स्वस्थ्य चौकीमा १६ जना,नौगाड गाउँपालिकाको होपरीगाडमा ६ जना र शैल्यशिखर नगरपालिकाको मालिकार्जुन मावि, बगौरामा ४४ जनाको र्‍यापिड डाइग्नोस्टिक टेस्ट रिपोर्ट नेगेटिभ आएको उहाँले जानकारी दिनुभयो ।
चैत ५ गते यता भारतको दिल्लीबाट आएका तथा होम क्वारेन्टाइनमा बसेका ३ सय १९ जनाको र्‍यापिड टेस्ट गरिएको र सबैको रिपोर्ट निगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय दार्चुलाले जनाएको छ ।

**इन्सेक डडेल्धुरा जिल्ला प्रतिनिधि भूपेन्द्र विष्टका अनुसार** कोरोना भाइरस परीक्षणका लागि थ्रोट स्वाब नमूना सङ्कलन गरिएका १ सय ९९ जनाको रिपोर्ट नेगेटिभ आएको छ । शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल टेकु काठमाडौंमा गरिएको परीक्षणबाट १ सय ९९ जनाकै रिपोर्ट नेगेटिभ आएको हो । डडेल्धुरा बहुमुखी क्याम्पसमा ८१ जना, त्रिवेणी बहुमुखी क्याम्पस र शिवशंकर माविमा १ सय १८ जना गरी १ सय ९९ जनाको थ्रोट स्वाब नमुना चैत २७ गते सङ्कलन गरी परीक्षण गर्दा सबै जनाको रिपोर्ट नेगेटिभ आएको कोभिड -१९ डडेल्धुराका सम्पर्क व्यक्ति हरिप्रसाद भट्टले जानकारी बताउनु भयो ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** सुदूरपश्चिम प्रदेश सरकारले जिल्लाका १० ओटा स्थानीय तहमा स्थापना गरिएका कोरोना राहत कोषमा २ करोड ८ लाख ४० हजार रूपियाँ वैशाख ४ गते पठाएको छ । जसमा मंगलसेन नगरपालिकामा २९ लाख ८० हजार, साँफेबगर नगरपालिकामा २४ लाख ६० हजार, कमलबजार नगरपालिकामा २१ लाख ६० हजार, पञ्चदेवल विनायक नगरपालिकामा २३ लाख, चौरपाटी गाउँपालिकामा २२ लाख ३० हजार र मेल्लेख गाउँपालिकामा १७ लाख ५० हजार रूपियाँ पठाइएको सुदूरपश्चिम प्रदेश आर्थिक तथा योजनामन्त्री झपटबहादुर बोहराका स्वकीय सचिव आदर्श साउँदले जानकारी दिनुभयो । यसैगरी बान्नीगढी जयगढ गाउँपालिकाले १४ लाख ५० हजार, रामारोशन गाउँपालिकामा १८ लाख ५० हजार, तुर्माखाँद गाउँपालिकामा २१ लाख र ढकारी गाउँपालिकामा १८ लाख ६० हजार रूपियाँ विनियोजन गरिएको बताइएको छ ।

प्रदेशबाट प्राप्त भएको रकमलाई स्थानीय तहले तयार गरेको स्वीकृत मापदण्ड र कार्यविधि अनुरूप लक्षित वर्गलाई राहत दिने स्थानीय तहका जनप्रतिनिधिहरूको भनाइ छ । सुदूरपश्चिम प्रदेश सरकारले अघिल्लो महिनाको चैत २७ गते  प्रदेश मातहतका सबै स्थानीय तहमार्फत राहत वितरण गर्ने निर्णय गरेको थियो ।
अत्यावश्यक अवस्थामा वितरण हुँदै आएको सवारी पासलाई जिल्ला प्रशासन कार्यालय, अछामले आगामी दिनमा बिरामीको उपचार र मृत्यु संस्कारमा आवतजावतका लागि मात्र प्रदान गर्ने भएको छ । लकडाउनको पूर्ण पालनाका साथै कोरोना सङ्क्रमण रोकथाम तथा नियन्त्रण गर्नका लागि सवारी आवतजावत व्यवस्थित गर्न र अत्यावश्यक सेवालाई प्रभावकारी बनाउन पास वितरणमा नियन्त्रण गरिएको प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले जानकारी दिनुभयो । पौडेलका अनुसार पास आवश्यक भएका व्यक्तिले वेवसाइट र मोबाइलबाट आवश्यक विवरण इ-पासका लागि आवेदन गर्न सक्नेछन् । इ-पासका लागि www.epass.moha.gov.np वा मोबाइलबाट ११११२ मा एसएमएस गर्न सकिने बताइएको छ ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** लकडाउनका समयमा भारतका विभिन्न स्थानबाट घर फर्किन खोज्ने नेपाली नागरिकहरु सीमापारी झुलाघाट नाकामा अपपत्र परेपछि उनीहरुलाई स्वदेश ल्याउने निर्णय गरिएको छ । सीमा नाकामा अलपत्र परेका नेपाली नागरिकलाई स्वदेश ल्याउन प्रमुख जिल्ला अधिकारी एवं कोभिड - १९ सङ्कट व्यवस्थापन समितिका अध्यक्ष आनन्द पौडेलको अध्यक्षता बसेको बैठकले सो निर्णय गरेको हो । बैठकले भारतीय सीमामा अलपत्र परेका नेपाली नागरिकलाई स्वादेश ल्याएर सुरक्षित क्वारेन्टाइनमा राखेर स्वास्थ्य चेकजाँचका सबै प्रक्रिया पूरा गर्ने निर्णयसमेत गरिएको छ । झुलाघाट र धार्चुलामा रहेका झण्डै १ हजार बढी नेपाली सीमा नाकामा रोकिएका छन् । जसमध्ये बैतडी जिल्लाका मात्रै १ हजार ९४ जना रहेका छन् । भारतीय सीमा झुलाघाटमा २ सय ४९ जना, पिथौरागढमा २ सय ४५ जना र धार्चुलामा ६ सय गरी बैतडीका मात्रै १ हजार ९४ जना रहेका छन् ।
दार्चुलाको सीमानामा रहेकाहरूका लागि दार्चुलामै र झुलाघाट र पिथौरागढमा रहेकाहरूको लागि बैतडीमा सुरक्षित क्वारेन्टाइन व्यवस्थापन गरिने सङ्कट व्यवस्थापन समितिले निर्णय गरेको समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले बताउनु भयो । सीमामा रहेका नेपालीलाई जिल्ला स्तरमै राख्न क्वारेन्टाइन निर्माणको काम सुरू भएको र नेपाल सरकारले अनुमति दिने बित्तिकै वैशाख ६ वा ७ गतेसम्म स्वदेश ल्याउने तयारी भएको प्रमुख जिल्ला अधिकारी पौडेलको भनाइ छ ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** कोरोना भाइरसको जोखिमबाट बच्नका लागि सबै अन्तराष्ट्रिय नाका बन्द गरिएको भए पनि  अत्यावश्यक वस्तुको नाममा कैलालीको गौरीफन्टा नाकाबाट भारतीय तरकारी निर्वाध रूपमा भित्रिएपछि सुदूरपश्चिमका सीमावर्ती बजारमा जोखिम बढेको छ । नेपाली नागरिकहरूलाई नाका आवतजावतमा कडाइ गरिएको भएपनि अत्यावश्यक वस्तु भन्दै हरेक दिन भारतीय तरकारी भित्रीन थालेपछि सीमा क्षेत्रका बस्तीमा जोखिम बढेको बताइएको छ । सीमापारीबाट तरकारी बोकेर आउने गाडी र चालक तथा सह चालकहरू दैनिक रूपमा गौरीफन्टा नाका भएर भित्रिने क्रम रोकिएको छैन् ।
भारतका विभिन्न शहरबाट तरकारी आयात हुने र सँगै आउने भारतीय नागरिकहरूबाटसमेत कोरोनाको सङ्क्रमण फैलिने खतरा रहेको धनगढीको त्रिनगर कृषि उपज हाटबजार व्यवस्थापन समितिका अध्यक्ष भवानसिंह चैसिरले बताउनु भयो ।

उहाँले भन्नु भयो -'भारतबाट तरकारी नियमित आउँदैछ। तरकारीका ट्रकहरूमा भारतीय नागरिक पनि आउने गरेका छन्। उनीहरूका कारण नेपालमा कोरोना फैलिने खतरा छ।'
भारतबाट आएको तरकारी भारतीय व्यापारीहरूले नै धनगढी लगायतका क्षेत्रहरूमा घरघरमा बिक्री गर्ने भएकाले अझै जोखिम बढेको चैसिरको भनाइ छ।
कैलालीको भन्सार कार्यालयका प्रमुख इश्वरी अर्यालले भारतबाट तरकारी ल्याउनेहरूको सीमामा ज्वरो परीक्षण गरिने भएकाले कोरोनाको सङ्क्रमण नफैलिने बताउनु भयो।
उहाँले भन्नु भयो - 'भारतको तरकारी रोक्न आदेश माथिबाट आएको छैन्। तरकारी आयात हुँदैछ। एक ट्रकमा दुई,तीन जना भारतीय आउँछन्। उनीहरूको सीमामा ज्वरो परीक्षण गरिन्छ।' उता कञ्चनपुरको गड्डा चौकी भन्सारबाट तरकारी आयातमा रोक लगाइएको छ। कैलालीका सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले कञ्चनपुर जिल्लाको गड्डा चौकी भान्सारबाट तरकारी आयातमा रोक लगाइएको भए पनि कैलाली भन्सार कार्यालयले आयातमा रोक नलगाएका कारण भारतबाट तरकारी आयात हुँदैआएको बताउनु भयो।
उहाँले भन्नु भयो -'भारतीय तरकारी रोक्न हामीले आदेश दिन सक्दैनौ। भन्सार कार्यालयको अधिकार क्षेत्र हो।'

**इन्सेक बाजुरा जिल्ला प्रतिनिधि पदमबहादुर सिंहका अनुसार** जिल्लाका विभिन्न स्थानबाट १ सय ४५ जनाको थ्रोट स्वाब सङ्कलन गरेर राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु काठमाडौं लगिएकोमा वैशाख ५ गते सबै जनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय, बाजुरका प्रमुख दयाकृष्ण पन्तले जानकारी दिनुभयो। स्वाब परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएपछि सबै जनालाई वैशाख ५ गते नै घर पठाउने तयारी भएको जनस्वास्थ्य कार्यालयका प्रमुख पन्तको भनाइ छ। जिल्लाको पूर्वी उत्तरी क्षेत्रको स्वामीकार्तिक खापरगाउँपाललिको सुईजीउला, बडिमालिका नगरपालिकाको बाजुरा क्याम्पस र बुढिगंगा नगरपालिकाको भानोदय माविमा स्वास्थ्यकर्मीहरूको टोली पुगेर स्वाब सङ्कलन गरेको थियो।
**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय,धनगढी**